# श्री

# कञ्चनपुर जिल्ला अदालत

## महेन्द्रनगर,कंचनपुर

फोन नं.: ०९९-५२२६०६
ईमेल:
info.dckanchanpur@supremecourt.gov.np

प्रशासन शाखा

च.नं
प.सं. ०७७/०७८

## कञ्चनपुर जिल्ला अदालतवाट जारी भएको सूचना।

## सूचना जारी मितिः २०७८।०३।१५

विश्वभरि फैलिदै गईरहेको नयाँ भेरियन्ट सहितको कोभिड-१९ को संक्रमणको कारण कञ्चनपुर जिल्ला भर मिति २०७८।०१।१६ गते देखि निषेधाज्ञा जारी भई यस अदालतवाट सेवा प्रवाहमा संकुचन ल्याएकोमा हाल यस कञ्चनपुर जिल्लामा केही कमी भएको सन्दर्भमा कञ्चनपुर जिल्ला भर निषेधाज्ञा चालु नै रहेको र जिल्ला प्रशासन कार्यालय कञ्चनपुरका प्रमुख जिल्ला अधिकारीको मिति २०७८।०३।१४ गतेको आदेश बमोजिम मिति २०७८।०१।१५ गते देखि जनस्वास्थ सुरक्षा मापदण्डको पालना गर्ने गरी कञ्चनपुर जिल्ला भर सबै प्रकारका सवारी साधनहरु संचालन गर्न सकिने गरी निषेधाज्ञा जारी गरिएको अवस्थामा यस अदालतवाट प्रदान गरिने सेवामा केही संकुचन तथा सिमित गरिदै आएकोमा यस अदालत, सरकारी वकिल र जिल्ला अदालत बार तथा उच्च अदालत बारको संयुक्त बैठकवाट मिति २०७८।०३।१५ गते देखि लागू हुने गरी यस अदालतवाट देहाय बमोजिम सेवा प्रवाह हुने निर्णय भएको बेहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिलः

१. मिति २०७८।०३।१५ गते लागू हुने गरी अदालतवाट प्रवाह हुने सम्पुर्ण सेवाहरु नियमित रुपमा संचालनमा ल्याउने।

२. अदालतको कार्य सम्पादनमा जनस्वास्थ्यका सुरक्षा मापदण्डको पूर्ण रुपमा पालना गर्ने, गराउने।

३. हदम्याद, म्याद र तारेखको हकमा यस अदालतको पुर्व सूचना बमोजिम निषेधाज्ञा अवधिभर नगुज्रने भने बमोजिम कञ्चनपुर जिल्ला भर सार्वजनिक सवारी साधन सञ्चालनमा आई यस अदालतका सेवाहरु नियमित हुने भएकोले मिति २०७८।०३।१५ गतेदेखि लागू हुने गरी बाटाका म्याद बाहेक १५ दिनभित्र उपस्थित भएमा हदम्याद, म्याद र तारेख गुज्रेको नमानी काम कारवाही अगाडि बढाइने।

४. यस जिल्ला भन्दा बाहिर अन्य जिल्लामा बसोवास गर्ने सेवाग्राहीको हकमा उक्त जिल्लामा निषेधाज्ञा जारी रही यातायातका साधनहरु संचालनमा नआएको अवस्थामा सम्बन्धित स्थानीय तहको सिफारिसको आधारमा यातायात खुलेको मितिले मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २२५(१)(ग) र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ५९(५)(ग) बमोजिम हदम्याद, म्याद र तारेख गुज्रेको कारण खुलाई निवेदन दिएमा मुद्दाको काम कारवाही अगाडि बढाइने।

२०७८।३।१५

जयन्ती अवस्थी भट्ट
श्रेस्तेदार(उपसचिव)

श्रेस्तेदार
उप-सचिव